श्री

उच्च अदालत पाटन

इजलास नं. ५

माननीय न्यायाधीश श्री टंकप्रसाद गुरुङ

माननीय न्यायाधीश श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा

**आदेशः**

निवेदन नं :.०८२-FN-०६५२ (रिट नं. ०८२-WO-०९४४)

आकाश गोल्छा समेत---------------------------------------------------------------------------------------निवेदक

**विरुद्ध**

नाडा अटोमोवाइल्स एशोसियशन अफ नेपाल समेत------------------------------------------------------विपक्षी

विषयः- उपयुक्त आदेश जारी गरी पाउँ।

प्रस्तुत पूरक निवेदन संलग्न कागजातसमेत अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री शंकर सुवेदी र श्री माधवप्रसाद भट्टराई तथा विद्वान् अधिवक्ता श्री मेनुका ढकाल र विपक्षीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शिवप्रसाद रिजाल तथा विद्वान् अधिवक्ताहरु श्री विशेष थापा र रमण कुमार कर्णले गर्नुभएको बहससमेत सुनियो।

यसमा नाडाको केन्द्रीय कार्य समितिको निर्विरोध निर्वाचन भैसकेको भन्ने तथ्य उक्त संस्थाको मिति २०८२।०९।२२ को पत्रबाट मिति २०८२।०९।२५ गते शुक्रवारमा सम्पन्न हुने कार्यक्रमको विवरणबाट देखिँदा निवेदकको पूरक निवेदनबाट माग गरिए बमोजिम निर्वाचन गर्ने कार्य रोकी पाउँ भन्ने सम्वन्धमा अन्तरिम आदेश जारी गरिरहनु पर्ने अवस्था देखिएन। संस्थाको मिति २०८२।०९।०९ को साधारण सभा उत्प्रेषणको आदेशले बदर गरी पाउँ भन्ने समेत निवेदनमा उल्लेख भएको देखिएबाट परिस्थितिमा आधारभूत परिवर्तन भैसकेको सन्दर्भमा मिति २०८२।०९।२५ गते सम्पन्न गर्ने भनी सो पत्रमा उल्लेख भएका थप कार्यक्रम तत्काल सम्पन्न नगरी यथास्थितिमा राखी उक्त मिति २०८२।०९।०९ मा शुरु भएको साधारण सभा, निर्वाचनको प्रकृयामा अपनाइएका सम्पूर्ण कागजातसहितको फाइल झिकाई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि ०८२-WO-०७३१ को उत्प्रेषणको रिटसमेत साथै राखी नियमानुसार पेश गर्नू। प्रस्तुत आदेशको जानकारी विपक्षीहरुलाई दिनू।

ति ३२।००
२०८२।०९।२४।५

न्यायाधीश न्यायाधीश

इति सम्वत् २०८२ साल पौष महिना २४ गते रोज ५ शुभम्..........................................।